२०८० असोज ८ गते तदनुसार Semteber 25, 2023 सोमवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. जग्गा रजिष्ट्रेसन पासको लागि सिफारिस सम्बन्धमा ।
२. लिब्जु सामुदायिक क्याम्पस सञ्चालन विनियम पारित सम्बन्धमा ।
३. विभिन्न कार्यविधि पारित/स्वीकृत सम्बन्धमा ।
४. सटर भाडा सम्बन्धमा ।
५. स्वास्थ्य कर्मचारी विज्ञापन गर्ने सम्बन्धमा ।
६. आर्थिक कोरिडोर कार्यालयमा आशयपत्र पेश गर्ने सम्बन्धमा ।
७. हेल्थ युनिट स्वीकृत सम्बन्धमा ।
८. अध्यक्ष कप सम्बन्धमा ।
९. आर्थिक सहायता सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

निर्णय नं.१: तल उल्लेखित विद्यालयको नाममा जग्गा निशुल्क रजिष्ट्रेसन पास गर्ने प्रयोजनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

क. यस मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ६ को श्री समाजसेवा युवा आधारभूत विद्यालय, जाक्माको माग निवेदन बमोजिम सो विद्यालयलाई यसै मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ निवासी श्री तिलक बहादुर राईको बुहारी श्री उमेश कुमार राईको श्रीमति श्री रस्मिका राईले वहाँको नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता रहेको कित्ता नं. ३५४ क्षेत्रफल १८-८-२-१ बाट तीन रोपनी (तीन रोपनी) मात्र विद्यालयको नाममा रजिनामा पास गरिदिने प्रयोजनको लागि सिफारिस माग भइ आएको हुँदा आजको कार्यपालिका बैठकमा छलफल गरी सम्बन्धित निकायमा सिफारिस गरिदिने निर्णय पारित गरियो ।

ख. श्री भीम आदर्श आधारभूत विद्यालय,खचापु, मानेभन्ज्याङ वडा नं. ३ उँबुको को माग निवेदन अनुसार सो विद्यालयलाई सोही वडा स्थायी ठेगाना भएको श्री धनविर राईको नाती श्री अवत सिङ राईको छोरा बर्ष ७५ को ना.प्र.नं. ५२०९/८०३ को श्री भक्त बहादुर राईको नाममा रहेको कित्ता नं.१३९७ १/१३२२ क्षेत्रफल ७-५-१-१ मध्येवाट विद्यालयलाई १-८-०-० क्षेत्रफलको जग्गा विद्यालयलाई निशुल्क रजिष्ट्रेसन पास गरिदिने प्रयोजनको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिने निर्णय पारित गरियो ।

निर्णय नं.-२: आ.व. २०८०/८१ देखी यस गाउँपालिकामा एक सामुदायिक क्याम्पस सञ्चालन प्रक्रिया अगाडी बढाउन यस मानेभन्ज्याङ गाउँपालिकाको गाउँसभाबाट बजेट विनियोजन भएकोले सञ्चालनको लागि आवश्यक विनियम "लिब्जु सामुदायिक क्याम्पस, विनियम,२०८० स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आजको कार्यपालिका बैठकबाट सर्व सम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.३: आजको कार्यपालिका बैठकबाट छलफल गरी तल उल्लेखित कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

तपसिल:

क. <u>वालिका विकास बचत खाता कार्यक्रम सञ्चालन कार्यविधि, २०८० :</u> लैङ्गिक विभेदको न्यूनीकरण गर्न तथा वालवालिकाको शैक्षिक सुधार गर्दै वालिकाको अधिकारको सम्मान, संरक्षण गरी सर्वाङ्गिण विकास गर्नको लागि यो कार्यविधि आजको कार्यपालिका बैठकबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

ख. <u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता,२०८० :</u>कार्यस्थलको वातावरण सुरक्षित, स्वच्छ, मर्यादित र लैङ्गिकमैत्री बनाउन एवम् कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहारबाट पीडित कर्मचारी,

CamScanner

कामदार, सेवाग्राही वा लाभग्राहीलाई संरक्षण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार अनुसार यो कार्यविधि सर्व सम्मत पारित गर्ने निर्णय गरियो ।

ग. <u>एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि,२०८०:</u> एकल लैङ्गिक हिंसा प्रभावित तथा विपन्न महिलालाई आय आर्जनमूलक क्रियाकलापमा सहभागी गराई स्वरोजगारको अवसर सिर्जना गरी जीवनस्तरमा सुधार ल्याउने कार्यमा पालिकावाट सहयोग गर्ने उद्देश्यले यो कार्यविधि पारित गर्ने निर्णय गरियो ।

घ. <u>मानेभन्जयाङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८०:</u> आर्थिक रुपले विपन्न, निरपेक्ष गरिविको रेखामुनी रहेका दीर्घरोगी, हिंसा पीडित तथा वेचविखनमा परेका महिला, वालवालिका विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण असक्त अपाङ्ग, जेष्ठ नागरिकको हित तथा प्रकोपजन्य विपदवाट पीडित व्यक्तिहरुलाई राहत तथा आर्थिक सहायता गर्नको लागि आजको कार्यपालिका वैठकवाट यो कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.-४:** यस गाउँपालिकाको वडा नं. ५ को श्री भगवती माध्यमिक विद्यालयको जग्गामा प्रदेश सरकारवाट कृषि हाट वजार व्यवस्थापन शीर्षकमा अनुदान प्राप्त गरी गाउँपालिकाले निर्माण गरेको सटर (जम्मा ५ वटा) ईच्छुक कृषकहरुलाई आफ्नो उत्पादनलाई बिक्री केन्द्र बनाउने प्रयोजनको लागि भाडामा लगाउने निर्णय गरियो । सटर भाडामा लगाउँदा प्रति सटर न्यूनतम रु.३५ सयवाट वाढावढमा सवैभन्दा वढी मूल्यमा प्रस्ताव पेश भइ आएको प्रस्तावलाई स्वीकृत गरी भाडा लगाउने निर्णय गरियो ।

**निर्णय नं.५:** यस गाउँपालिकाको वडा नं. ३ र ६ को स्वास्थ्य चौकीमा अनमी र अहेवको पद १/१ जना पद रिक्त रहेको हुनाले सो पदमा विज्ञापन गरी आवश्यक नियमानुसार सेवा करारवाट पदपूर्ती गर्ने निर्णय सर्वसम्मत गरियो ।

**निर्णय नं.६:** नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगत आर्थिक कोरिडोर कार्यालय, पाखीवास धनकुटावाट स्थानीय तहमा कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणका लागि आशयपत्र पेश गर्ने सर्म्बन्धी सूचना प्रकाशन भइ आएको हुँदा सम्बन्धित आवश्यक कागजात तथा आशयपत्र तयार गर्न प्राविधिक शाखालाई लगाउने र साथै यस पालिकामा हालसम्म कृषि/पशु विकास सेवा केन्द्र सञ्चालनमा रहेको तर भौतिक रुपमा जीर्ण र एकदमै साँघुरो अवस्थामा रहेको हुँदा आशय पत्र तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस गाउँपालिकाले सञ्चालन गर्ने "मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष कप, २०८०" कोशी प्रदेश अन्तर स्थानीय तह फुटवल प्रतियोगिता सञ्चालन गर्नको लागि कार्यविधि पारित भैसकेको र आवश्यक तयारी तीव्र रुपमा भैरहको हुनाले प्रतियोगित मिति २०८० साल पुस १५ गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** यस गाउँपालिकाको गाउँसभावाट पारित गरिएको नीतिमा स्वास्थ्य चौकीबाट मात्र स्वास्थ्य सेवा प्रवाह गर्न गाह्रो भएको वडामा हेल्थ युनिट स्थापना गर्ने नीति अनुसार यस गाउँपालिकाको तल उल्लेखित वडा र स्थानमा हेल्थ युनिट स्थापना गर्ने निर्णय गरियो ।

तपसिलः

क. वडा नं. २ मा लामपुछ्रे हेल्थ युनिट ।

ख. वडा नं. ३ मा खचापु हेल्थ युनिट ।

ग. वडा नं. ७ मा टोक्सेल हेल्थ युनिट ।

घ. वडा नं. ९ मा माधवपुर हेल्थ युनिट ।

**निर्णय नं.९:** यस गाउँपालिमा आर्थिक सहायता माग गरी निवेदन पेश हुन आएका क्यान्सर पीडित, दीर्घरोगी तथा आर्थिक रुपमा विपन्न व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधिले व्यवस्था गरे बमोजिम तपसिल अनुसार आर्थिक सहायता उपलब्ध गर्ने निर्णय गरियो ।

तपसिलः

१. विष्णु कुमारी मगर, क्यान्सर पीडित वडा नं.६ - रु.१५ हजार ।

२. देव कुमार राई, क्यान्सर पीडित वडा नं.६ - रु.१५ हजार ।

३. राम कुमारी राई, क्यान्सर पीडित वडा नं.९ - रु.१५ हजार ।

४. अम्मर बहादुर लायो मगर, दीर्घ रोगी , वडा नं. ८- रु १० हजार ।

५. जीत बहादुर बि.क., दीर्घ रोगी , वडा नं. ४- रु १० हजार ।